**प्रस्ताव नं. १ स्वयम सेवक शिक्षक करारमा नियुक्ती मापदण्ड स्विकृत सम्बन्धमा**

**निर्णय नं. १** - प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरावल गा.पा भित्र रहेका सामुदायिक विद्यालयहरुलाई व्यवस्थित गर्नको लागी वनेको कार्यदलले औल्याएका सुधारका उपायहरुको निराकरण गर्दै सामुदायिक विद्यालयहरुमा रिक्त रहेको शिक्षहरुको पदपुर्ती गर्नको लागी स्वयमसेवक शिक्षकक करारमा नियक्ती गर्ने मापदण्ड २०७५ सर्वसहमती वाट स्विकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ चौंथो गाउसभा वैठक सम्वन्धमा**

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गाउपालिका को चौथो गाउसभा मिति २०७६ साल चैत्र ११ गते प्रारम्भ गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ सहकारी संस्था दर्ता सम्बन्धमा**

**निर्णय नं. २** प्रस्ताव नं. २ उपर छलफल गर्दा सरावल-६ का स्थायि वासीले आफुहरुलाई संगठित गर्दै प्रभात विपद उत्थानशिल वचत तथा ऋण सहकारी संस्था दर्ता गर्नको लागी निवेदन पेश गर्नुभएकोमा प्रचलित नियमप्रकृया पुरा गरी यस सरावल गाउँसभावाट स्विकृत सहकारी ऐन वमोजिम उक्त संस्था दर्ता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ –तराई मधेश समृध्दि कार्यक्रम कार्यान्वयन सम्बन्धमा**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सरावल गा.पा को लागी स्विकृत तराई मधेश समृध्दि कार्यक्रमहरुको लागी केही त्रुटी भएर आएका तपशिलका आयोजनाहरुलाई सच्चाउन सम्बन्धित कार्यालयमा अनुरोध गर्ने र सच्चिई आएपश्चात तोकिएको मापपदण्ड पुरा गरी आएमा उपभोक्ता समिति मार्फत अन्यथा वोलपत्रको माध्यमवाट सम्पन्न गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ - सामुदायिक विद्यालयको कक्षा सञ्चालन सम्बन्धमा**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल गा.पा भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुको गुणस्तर वृध्दि गर्दै निजि विद्यालयसंग प्रतिस्पर्धा गर्न सक्ने बनाउनको लागी यस शैक्षिक सत्र २०७६ मा न्युनतम नर्सरी ,एल.के.जी र यु.के.जी सम्मका कक्षाहरु अंग्रेजी माध्यमवाट सञ्चालन गर्ने र माथिल्लो कक्षाको थप विषयहरुसमेत सम्भव भए अंग्रेजी माध्यमवाट सञ्चालन गर्न सामुदायिक विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ - संस्थागत विद्यालयहरुको कक्षा थप अनुमती सम्बन्धमा**

**निर्णय नं. ६** - प्रस्वाव नं. ६ उपर छलफल गर्दा यस सरावल गा.पाभित्र सञ्चालित तपशिलका संस्थागत विद्यालयहरुले माथिल्लो कक्षा थप गर्नको लागी अनुमती माग गर्नुभएकोमा उक्त विद्यालयहरुको सम्पुर्ण अवस्थाको अध्ययन गर्नको लागी यस सरावल गा.पाको शिक्षा शाखा प्रमुख सहितको टोली सम्मन्धित विद्यालयमा जाने र उपयुक्त देखेमा थप कक्षा अनुमती दिने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | विद्यालयको नाम | कक्षा अनुमती माग भएको | कैफियत |
|---|---|---|---|
| १. | स्टर लाईट ईङ्गलिस स्कुल सरावल-३ भिमटाडी | ६ जना | |

| | | | |
|---|---|---|---|
| 2. | अम्बिका ईङ्लिस स्कुल,सरावल-४ | ६ कक्षा | |
| 3. | रोशन ज्योती वोर्डिङ स्कुल सरावल-६ वर्गदवा | ६ कक्षा | |
| 4. | श्री वर्दघाट कालिका ईङ्लिस वोर्डिङ सरावल-६ वरगदवा | ४ कक्षा | |
| 5. | फयुचर लाईफ ईङ्लिस स्कुल सरावल-६ रामपुर खडौंना | ३ कक्षा | |
| 6. | श्री पशुपती शिक्षा मन्दिर सरावल-७ | ६ कक्षा | |
| 7. | श्री मदरसा कादरिया नुरुल उलुम सरावल-६ पुसौली | ३ कक्षा | |

**प्रस्ताव नं. ७ उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन सम्बन्धमा**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस सरावल गा.पाको गाउँसभावाट २०७५/०७६ कालागी वार्षिक स्विकृत कार्यक्रम मध्ये ५००,०००/- सम्मका आयोजनाहरुको कार्यान्वयन गर्दा श्रमदान वापत १०% नगद जम्मा गरी उपभोक्ता समितिले गर्न पाउने भन्ने व्यवस्था भएकोमा अव वाकी आयोजनाहरु कार्यान्वयन गर्न कुनै उपभोक्ता समिति ईच्छुक रहेको जनाई १०% नगद श्रमदान जम्मा गरी नियमानुसार सम्झौता गर्न आएमा सो आयोजना निजहरुमार्फत नै कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ अनुगमन समिति गठन सम्बन्धमा**

**निर्णय नं. ८** - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस सरावल गा.पा भित्र सञ्चालित आयोजनाहरुको अनुगमन निरिक्षण गर्नको लागी एक अनुगमन समिति रहने जसमा तपशिल बमोजिमका सदस्य रहने निर्णय गरियो।

तपशिल

संयोजकः- उतमा कुमारी राय

सदस्यः- जन्नि केवटिन

सदस्यः-जोखु प्रसाद कहार

प्रमुख प्रशासकिय अधिकृतः- सदस्य

योजना शाखा प्रमुख- सदस्य

प्राविधिक शाखा प्रमुखः- सदस्य

**प्रस्ताव नं. ९ - गुरुयोजना स्विकृत गर्ने सम्वन्धमा**

**निर्णय नं. ९** - प्रस्ताव नं. ९ उपर छलफल गर्दा यसै गा.पा वार्ड नं. २ अन्तर्गत रहेको जनता मा.वि मनरी मा नेपाल सरकारको नमुना कार्यक्रम छनौट भई तयार भएको पञ्चवर्षिय गुरुयोजना वैठकमा पेश भएकोमा उक्त गुरुयोजना सर्वसम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।